# आर्थिक वर्ष २०८०/०८१ को
# नीति कार्यक्रम तथा बजेट
# किताब

धनौजी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धनौजी, धनुषा

आज मिती २०८०।३।१० गते धनौजी गाउँपालिकामा यस सभाको सभाध्यक्ष श्री राज कुमार साह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी आ.व.२०८०।८१ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको उपाध्यक्ष श्री रामवती देवी मण्डल ज्यूबाट प्रस्तुतीकरण भयो ।

उपस्थिती

| क्र.सं. | पदाधिकारीको नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री राज कुमार साह | सभा अध्यक्ष | धनौजी-२ | राजकुमारसाह |
| २. | श्री रामबती देवी मण्डल | सदस्य | धनौजी-५ | |
| ३. | श्री श्यामकिशोर साह | सदस्य | धनौजी-१ | |
| ४. | श्री उदय कुमार साह | सदस्य | धनौजी-२ | |
| ५. | श्री राम नारायण यादव | सदस्य | धनौजी-३ | |
| ६. | श्री राम सोभित मण्डल | सदस्य | धनौजी-४ | |
| ७. | श्री याकुव कवारी | सदस्य | धनौजी-५ | याकुब |
| ८. | श्री राहुल कुमार महतो | सदस्य | धनौजी-१ | |
| ९. | श्री शिव देव पंडित | सदस्य | धनौजी-५ | |
| १०. | श्री रेखा कुमारी पंडित | सदस्य | धनौजी-३ | रेखा |
| ११. | श्री मिना दवी | सदस्य | धनौजी-३ | मिना |
| १२. | श्री मन्जु देवी | सदस्य | धनौजी-४ | मन्जु दास |
| १३. | श्री अनिता महरा | सदस्य | धनौजी-५ | |
| १४. | श्री राम प्रमोद मण्डल | सदस्य | धनौजी-१ | |
| १५. | श्री नागेन्द्र प्रसाद साह | सदस्य | धनौजी-१ | |

| | पदाधिकारीको नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| | श्री विभा कु.तत्मा | सदस्य | धनौजी-१ | [signature] |
| | श्री रामरिसि देवी | सदस्य | धनौजी-१ | [signature] |
| | श्री सन्जु कु.मण्डल | सदस्य | धनौजी-२ | [signature] |
| | श्री सोमा देवी पासवान | सदस्य | धनौजी-२ | |
| ). | श्री अलि महम्द नदाफ | सदस्य | धनौजी-२ | [signature] |
| १. | श्री रोशन कु.मिश्र | सदस्य | धनौजी-२ | |
| २. | श्री दिनेश मुखिया बिन | सदस्य | धनौजी-३ | [signature] |
| ३. | श्री रोहित कुमार मुखिया | सदस्य | धनौजी-३ | [signature] |
| ४. | श्री अमना खातुन | सदस्य | धनौजी-४ | [signature] |
| ५. | श्री राम अशिष यादव | सदस्य | धनौजी-४ | [signature] |
| २६. | श्री मोहन साह | सदस्य | धनौजी-४ | [signature] |
| २७. | श्री प्रमशिला देवी | सदस्य | धनौजी-५ | |
| २८. | श्री रबिन्द्र राउत | सदस्य | धनौजी-५ | |
| २९. | श्री विष्णुदेव मण्डल | सदस्य | धनौजी-५ | |
| ३०. | श्री रंजित कुमार यादव | सचिव | | [signature] |

CamScanner

बैठकका कार्यसूची  बमोजिमका प्रस्तावहरुः-

१) निति, कार्यक्रम तथा वजेट स्वीकृत सम्वन्धमा ।

२) आर्थिक विधेयक २०८० सम्वन्धमा ।

**धनौजी गाउँपालिका धनुषाको आ.व. ०८०।८१ दशौं गाउँसभाको प्रथम वैठक**

**मिति २०८०।०३।१० गते आइतवार भएका निर्णयहरु**

**सभाको प्रथम बैठकबाट लिएका निर्णयहरु**

**निर्णय नं.**

यस सम्मानित सभामा पेश भएका दशौ गाउँसभाका बैठकका कार्यसूची अनुसार प्रस्तुत भएका विषयहरु माथि छलफल गरी सो माथि हुने निर्णयका लागि मिति २०८०।०५।२९ गते शुत्रःवार विहान ११ बजे सोही बैठकको कार्यसूची अनुसार नै निर्णाय हुने गरी आजको दशौ गाउँसभाको प्रथम बैठक सम्पन्न भएको निर्णय गरियो ।

CS CamScanner

# आर्थिक वर्ष २०८०/०८१ को
# नीति कार्यक्रम तथा बजेट वक्तव्य

**धनौजी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

धनौजी, धनुषा

मधेश प्रदेश, नेपाल

CamScanner

# धनौजी गाउँपालिकाको

## १० औ नीति तथा कार्यक्रम

धनौजी गाउँपालिकाका गाउँपालिका उपाध्यक्ष श्री रामवती देवी मण्डलज्यूबाट प्रस्तुत

**आ.व. २०८०।०८१ को लागि प्रस्तुत नीति, कार्यक्रम तथा बजेट**

*प्रस्तुत मिति २०८०।०३।१०*

*पारित मिति २०८०।०५।२९*

धनौजी गाउँपालिकाको सम्मानित १० औ नीति, कार्यक्रम तथा बजेट प्रसतुतिकरण समारोहका

श्री अध्यक्ष ज्यू,

श्री वडा अध्यक्ष ज्यूहरु,

श्री कार्यापालिका सदस्य ज्यूहरु,

श्री गाउँसभाका सदस्यज्यूहरु,

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

श्री विषयगत शाखाको संयोजक ज्यूहरु

श्री वडा सचिव ज्यूहरु, तथा उपस्थित अन्य कर्मचारी तथा सहयोगि साथीहरु ।

यस सभामा उपस्थित अन्य महानुभावहरु समेत ।

(१) विश्वको प्रतिकुल आर्थिक प्रभावमा यस कठिन परिस्थितिमा गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु परेको छ ।

(२) जनआन्दोलन, सशस्त्र जनयुद्ध मधेशजनविद्रोह र मधेश आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनवाट स्थापित नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा विशिष्ट योगदान पुरयाइ जीवन अर्पण गर्नु भएका वीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दछु ।

(३) धनौजी गाउँपालिकाको १० औ गाउँ सभाले यस गाउँपालिकाको उज्वल भविष्य निर्माण गर्नको लागि आ.व.२०८०/८१ को बजेटले **"आफ्नो दायित्व बोध भएका जनता, सक्षम धनौजी गाउँपालिका"** बनाउने नीति, कार्यक्रम तथा बजेट अगाडि सारेको छु ।

<u>सभाका सम्पूर्ण सदस्य ज्यूहरु,</u>

(४) आफ्नो गाउँपालिकाको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समान रुपमा वितरण गरी सामाजिक समानता कायम गर्न सवै वर्गका जनताको सहभागिता अभिवृद्धि गदै विकास प्रक्रियालाई संस्थागत गर्न नेपालको संविधान २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्यापक अधिकार प्राप्त गाउँसभावाट पारित हुने आ.व.२०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा हर्षित छु ।

(५) विकास प्रक्रियालाई सरल, सहज, जनमुखि, पारदर्शी एवं प्रभावकारी रुपमा, अगाडि बढाउन योजना, कार्ययोजना तर्जुमालाई पूर्व शर्त मानिन्छ ।

(६) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ उपदफा २(क) मा उल्लेख भए बमोजिम वडावाट योजना संकलन गरी गाउँ कार्यपालिकामा छलफल भई तयार पारिएका एकिकृत योजना आजको यो १० औ गाउँसभामा पारीत गर्नको निमित्त पेश गर्दछु ।

(७) प्रस्तुत बजेट, योजना तथा कार्यक्रम यसै आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी तयार पारको छु।

(८) यस गाउँपालिकाले यो नीति, कार्यक्रम तथा बजेट नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालिन क्षेत्रगत नीतिहरु प्रदेश सरकारको चालू आर्थिक वर्षमा ल्याएको नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत गाउँपालिकाका प्राथमिकताहरु तय गदै सो हासिल गर्न अग्रसर रहने छ ।

सभाका सदस्य ज्यूहरु,

(९) सम्पूर्ण गाउपालिकाको समग्र विकासका लागि "गाउँ विकास योजना" स्थापना गरिनेछ ।

(१०) यस नीति तथा कार्यक्रमले गाउँ पालिकाको सोच "उच्च मानव विकास र पहिचान, सक्षम धनौजी गाउँपालिका समाज" लाई साकार गरी आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिन रोजगारको अवसर श्रृजना गर्न गरिवी न्यूनिकरण गर्न मदत गर्नेछ ।

(११) वडा समितिसँग समन्वयात्मक तथा अनुगमनको भूमिका प्रभावकारी बनाउन नीतिगत व्यवस्था गर्ने प्रस्ताव गरेको छु ।

(१२) कार्यपालिकाले आफ्नो काम कारवाही व्यवस्थित गर्न आवश्यकतानुसार स्थानीय सरकार संचालन ऐन, २०७४ दफा १४ बमोजिमको समिति, उपसमिति वा कार्यदल बनाउन सक्ने नीतिगत व्यवस्था गरेको छु।

(१३) आ.व.२०७९/८० मा सम्पन्न आयोजना नीति तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको उक्त बक्यौता रकम र कार्यान्वयन गर्न बाँकी रहेको नीति तथा कार्यक्रमहरुलाई यस आ.व.२०८०/८१ मा प्राथमिकताका साथ निरन्तरता दिइने छ। विस्तृत विवरण पछि पुस्तक प्रकासन हुने गरी सम्भवत : अधिकांश मानिसहरुको हातमा पुरयाइनेछ ।

अन्त्यमा : अन्त्यमा आर्थिक चुनौतिका प्रतिकुलतालाई सफलतापूर्वक सामना गर्न धनौजी गाउँपालिकाका स्थानीय सरकार प्रतिबद्ध रहनेछ । साथै यस नीति कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाहरुको सक्रिय सहयोगको अपेक्षा राखेको छु ।

आर्थिक वर्ष २०८०।८१ को मूल नारा–

**"आफ्नो दायित्व बोध भएका जनता, सक्षम धनौजी गाउँपालिका"**

## पूर्वाधार तथा संरचना विकास

१. यस गाउँपालिका क्षेत्रभित्र ऐतिहासिक एवं धार्मिक महत्वका स्थानहरु छनौट गरी पर्यटन स्थलको रुपमा विकास गर्नका लागि राष्ट्रिय पर्यटन वोर्डमा दर्ता गरिनेछ ।

२. प्रत्येक वडा कार्यालय तथा गाउँलाई गाउँकार्यपालिका कार्यालयसँग सडक सञ्जालमा जोडिने योजनालाई निरन्तरता दिइनेछ ।

३. विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित तथा कारवाही गरिनेछ ।

४. बनेका सडकहरुलाई स्तरोन्नति गरिनेछ ।

५. गाउँपालिलकालाई आधारभूत सिटीको रुपमा स्थापित गर्ने नीति अनुरुप आवश्यकता अनुसारको पूर्वाधारहरुलाई मर्मत संभार, निर्माण गर्ने कामहरुलाई निरन्तरता दिइनेछ ।

६. पुर्वाधार तथा संरचना विकासका अवधारणाहरुलाई कार्यान्वयन भए/नभएको प्रभावकारी अनुगमन, मूल्याङ्कन गरिनेछ ।

७. ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई कार्यक्रम लागू गरिने छ ।

## जनसंख्या तथा सामाजिक विकास

१. ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई कर्तव्यवोध गराउन अभिमुखीकरण कार्यक्रम गरिने छ ।

२. खेलकुदको स्तर विकास गर्न गाउँपालिका क्षेत्रका खेलाडीहरुलाइ प्रोत्साहनको लागि गाउँपालिकाबाट सम्मान तथा पुरस्कृत गरिनेछ ।

३. नगरिक सचेतना केन्द्र मार्फत सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिकरणमा विशेष जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. स्थानीय मेलमिलाप मध्यस्थताको सहजीकरण सम्बन्धी आवश्यक कार्य गरिनेछ।

५. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।

६. यस गाउँपालिकालाई विशेष योगदान गरेका महानुभावहरुलाई सम्मान एव पुरस्कृत गरिनेछ ।

## महिला, बालबालिका तथा अन्य लक्षित बर्गः-

१. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।

२. प्रत्येक सामुदायिक विधालयमा बाल क्लब गठनलाई प्रथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्रथमिकताका साथ कार्यन्वयन गरिने छ ।

३. दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रबर्द्धन एवं निर्णय प्रकियामा सहभागिता विकास, सीप विकास एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ।

४. बालविवाह विरुद्ध कार्यक्रम संचालनमा जोड दिइने छ ।

५ सामुदायिक विधालयहरुमा अध्ययनरत अपाङगता भएका र हाम्रो समाजमा रहेका अपाङ बालबालिकाहरुको लागि विशेष सहयोग गर्ने जनचेतना मूलक कार्यक्रम गरिनेछ ।

**वातावरण संरक्षण, खानेपानी तथा सरसफाई:-**

१. खाली पर्ती जग्गामा उपभोक्ता समुह विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. यस गाउँपालिकालाइ पूर्ण सरसफाईका लागि आवश्यक पर्ने कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी सरसफाइमा नमूना गाउँपालिकाको रुपमा स्थापित गर्न जोड दिइने छ ।

३. स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड टयांक निर्माण तथा आर्टिजन कल जडान कार्यलाई प्राथमिकता दिई सोको लागि सम्बन्धित निकायहरुमा पहल गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**शिक्षा तथा स्वास्थ्य:-**

१. साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरि यस गाउँपालिकामा निरक्षरता उन्मूलन गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ।

२. गाउँ क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माणको लागि विशेष पहल गरिने छ।

३. गाउँपालिका क्षेत्रभित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिने छ ।

४. गाउँपालिका स्तरीय आयुर्वेद अस्पताल संचालन गराउनुको साथै प्रत्येक वडामा आयुर्वेद सेवा विस्तार गर्ने स्वस्थवृत्त योग कार्यक्रम संचालनको नीति लिईने छ।

५. यस गाउँपालिका क्षेत्रिभित्र संचालित सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर स्थापित गर्न नीतिगत कार्यक्रम संचालन गरिनेछ ।

६ स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिई आमा समूह तथा म.स्वा.स्यव सेविकाको भुमिकाको उच्च मूल्याङ्कन गर्दै निजहरुले गरेको योगदान तथा सक्रिय बनाईराख्न प्रोत्साहन स्वरुप क्रमश ५०० र १०.०० का दरले खाजा खर्च उपलब्ध गराईनेछ ।

**कृषि विकास तथा सहकारी:-**

१. कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह समिति सरकारी गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।

२. गाउँपालिका क्षेत्रका उर्वर भूमिलाइ सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।

३. गाँउको उत्पादन बजारमा बजारीकरण गर्ने छ।

४. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५. जडिबुटिलाइ समरक्षण, सम्बद्रनको लागि जडिवुटी खेति तथा सोको बजारीकरणको लागि आधुनिक तरीकाले विशेष कार्यक्रम ल्याइनेछ ।



CamScanner

६. अर्गेनिक खेतीलाइ जोड दिइनेछ ।

७. यस गाउँपालिकामा संचालित सहकारी संस्थाहरुलाई मुल्य र मान्यताको आधारमा संचालित गर्न तथा नियमन गर्न प्रभावकारी पृष्टपोषण सहितको अनुगमन गरिनेछ ।

८. कृषिमा आधारित कृषकहरुलाई परामर्श सेवा लगायतका अन्य सेवा प्रदान गर्ने कार्यालयलाई व्यवस्थित एवं सेवाको सक्रियता बढाइने छ ।

राजस्वः-

१. एकीकृत सम्पति कर लागु गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ ।

२. उद्योग व्यवसायी संगको सहकार्य र समन्वयमा व्यवसाय करलाइ व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाइ करको दायरामा ल्याइने छ ।

३. वार्षिक रु १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाइ विषेश रुपले पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

४. गाउँपालिकाका विविध सेवाहरु उपलब्द्य गराउन अतिरिक्त दस्तुर लिइ घरदैलो सेवा उपल्बध गराइने निति अवलम्वन गरिनेछ ।

५. नक्सा पास नभइ बनेका घरहरुलाइ व्यवस्थित गर्न घरहरुको अभिलेखिकरण तथा नक्सा पास गराउने नीति अबलम्बन गरिनेछ ।

सूचना तथा सञ्चार :-

१. आजको प्रविधि युगमा धनौजी गाउँपालिकालाई सूचना संचारको प्रविधिलाई वेभसाईट को संचारमा ल्याउने नीति अपनाइने छ ।

२. प्रविधिमा प्रयोग हुने कम्प्युटर सम्बन्धि ज्ञान, सीपको विकास सम्पूर्ण कर्मचारीहरु तथा जनप्रतिनिधिहरुमा गरिने छ ।

३. यस गाउँपालिकालाई कागज रहित बनाउने नीति अवलम्बन गरिने छ ।

प्रशासन सुशासन तथा पारदर्शिताः-

१. गाउँपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समायानुकुल सुधार्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्यविवरण तयार गरि अद्यायवधिक गर्दै लगिनेछ ।

२. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राही प्रति मर्यादित व्यवहार गर्ने नीतिलाइ प्रभावकारी बनाइने छ ।

३. e-governance को अवधारना बमोजिम गाउँपालिकाको क्रियाकलापलाइ लगिने नीति लिईनेछ .

४. नयाँ पदस्थापना भएर आएका कर्मचारीहरु र पुराना कर्चमारीहरु विच प्रशासन सुसशान पारदर्शिता तथा प्रशासनिक कार्यमा भएका र हुन सक्ने असहजतालाई मागको आधारमा पहिचान गरी कार्यक्रम संचालन गरिनेछ ।

सभाका सदस्य ज्यूहरु

यस गाउँपालिकाको क्षेत्रभित्र रहेको सम्पूर्ण क्षेत्रको विकासका लागि क्षेत्रगत नीति,तथा कार्यक्रमहरु कार्यान्वयन गर्न १० औ गाउँ सभामा आर्थिक वर्ष २०८०/८१ को लागि (राजश्व, नेपाल सरकार, प्रदेश सरकार) बाट प्राप्त अनुदान लगायत सम्पूर्णको सक्षिप्त रुपमा वजेटको तेरिज प्रस्तुत गर्न चाहन्छु ।

आदरणीय उपस्थित महानुभावहरु,

माथि उल्लेखित विषयगत नीतिहरुको सफल कार्यन्वयन गर्न हालसम्म प्राप्त तथ्याङ्क अनुसार सङ्घीय सरकारबाट वित्तीय समानिकरण अनुदान ८ करोड ६८ लाख तथा राजश्व बाँडफाँडबाट ६ करोड ४० लाख ६ हजार ४ सय जम्मा १५ करोड ८० लाख ६ हजार ४ सय, त्यस्तै शशर्त अनुदान ११ करोड २२ लाख विशेष ७५ लाख, समपुरक ५० लाख त्यस्तै प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान ६१ लाख ३६ हजार, सशर्त ५० लाख विशेष अनुदान ३० लाख समपुरक अनुदान २० लाख गाउँपालिका आन्तिरक श्रोत ५५ लाख २० हजार तथा अन्य आन्तरिक आम्दानी १३ करोड ४३ लाख ३७ हजार ६ सय मात्र गरी जम्मा **कूल बजेट ४३ करोड १५ लाख** मात्र गरेको छु ।

यस बाहेक विभिन्न कार्यक्रमबाट प्राप्त हुने बजेट, अनुदान तथा अन्य आय प्राप्त भएबमोजिम निर्देशनानुसार नै खर्च गरिनेछ ।

आदरणीय उपस्थित महानुभावहरुऽ

गाउँपालिकको सन्तुलित एवं समावेशी विकास हाम्रो चाहना पनि हो र साध्य हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथिका सबै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मकऽ सर्जनात्मक ठोस सहयोग रहने कुरामा म विश्वस्त छु ।

**रामवती देवी मण्डल**

**गाउँपालिका उपाध्यक्ष**

धनौजी गाउँपालिका

प्रस्तुत मिति २०८०।०३।१० आइतवार

पारित मिति २०८०।०५।२९ शुक्रवार

आर्थिक वर्ष २०८०/२०८१ को नीति कार्यक्रम तथा बजेट वक्तब्य